# आकाशवाणी समाचार – नेपाली

मिति 01 जनवरी 2026

प्रादेशिक समाचार – 06.50 – 07.05 बजे (15 मिनट)

मुख्य समाचारः

- राष्ट्रपति द्रौपदी मुर्मु , उपराष्ट्रपति सी.पी.राधाकृष्णन तथा प्रधानमंत्री नरेन्द्र मोदीले नयाँ साल 2026 को देशवासीहरूलाई शुभकामना दिनु भएकोछ।

- नयाँ वर्षको पहिलो दिन आज देशभरीका प्रमुख मन्दिरहरूमा लोखौं श्रद्धालुहरू घुइंचो लागेको छ। दार्जिलिंग पहाड़, तराईस -वर्सका मन्दिरहरूमा पनि श्रद्धालुहरूको निकै भीड़ छ।

- गुवाहाटी देखि कोलकाता बीच देशको पहिलो वन्देभारत स्लीपर एसी ट्रेन यसै जनवरी देखि शुरू हुने। रेलमंत्री अश्विणी वैष्णवले घोषणा गर्नु भयो।

- तीन महिना बन्द रहेपछि रोहिणी रोड आज देखि पुनः खोलिएकोछ।

- अखिल भारतीय पुलिस बलको दोस्रो राष्ट्रीय बास्कोटबल र हैण्डबल टुर्नामेन्ट 19 देखि 23 जनवरी बीच सिलगढीमा हुनेछ। यसको मास्कटको आज डीजू, एसएसबीले अनावरण गर्नु भयो।

---------------------------------------------------

**राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमंत्री - नव वर्ष**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमंत्री नरेंद्र मोदीले नव वर्षको उपलक्ष्यमा देशवासिलाई शुभकामना दिनु भएको छ। अक्रफ्नो सन्देशमा राष्ट्रपति मुर्मुले नव वर्ष नयाँ ऊर्जा अनी सकारात्मक बदलावको प्रतीक रहेको अनि यसले आत्मचिंतन र नयाँ संकल्पहरुको अवसर प्रदान गर्ने बताउनु भयो ।

सोशल मीडिया पोस्टमा उपराष्ट्रपतिले यो वर्षले सबैको लागि शान्ति, सु-स्वस्थ र सम्वृद्धि लिएर आउने अनी एक शक्तिशाली तथा विकसित भारत निर्माणको लागि सबैको सामूहिक संकल्पलाई अझ बलियो बनाउने आशा व्यक्त गर्नु भयो।

प्रधानमंत्री नरेंद्र मोदीले नयाँ वर्षमा सबैको लागि सु - स्वास्थ्य अनि समृद्धिको कामना गर्नु हुदै सबैको कोशिसले सफलता र पूर्णता प्राप्त होस भनि कामना गर्नु भयो।

xxxxxxx

**नयाँ साल दर्शन**

नयाँ साल 2026 को पहिलो दिन आज देशभरिका प्रमुख मन्दिरहरुमा लाखौ श्रद्धालुहरुको भीड देखियो। मथुरा बृन्दावनमा नयाँ बर्षको अवसरमा मानिसहरुको अप्रत्याशित भीडका कारण पुलिस र जिल्ला प्रशासनले मानिसहरुलाई आज मथुरा बृन्दाबन न आउन आग्रह गर्न परयो। अयोध्यामा श्री राम मन्दिर दर्शन गर्न लाखौ मानिसहरुको भीड झल्केको छ। मानिसहरु श्री रामलल्लाको दर्शन र आशीर्वाद लिन दुइ दुइ किलोमिटर लामो लाइनमा लागेका छन। काशी बिश्वनाथ मन्दिर दर्शन गर्नेहरुको भीड पनि यस्तै छ। कानुन व्यवस्था बनाई राख्न पुलिसले पटक पटक श्रद्धालुहरुसित लाईनमा लागेर

दर्शन गर्ने आव्हान गरिरहेको छ। हरिद्वार, बैष्णव देवी, अमृतसर स्वर्ण मन्दिर, दिल्लीको झण्डेवाला मन्दिर, सबै द्वादस क्योतिलिङहरु, शिरडीको साइ बाबा मन्दिर, मुम्बाईको लालबाग मन्दिर, सोमनाथ देखि रामेश्वर, पशुपतिनाथ काठमान्डु देखि असमको कामाख्यासम्मका मन्दिरहरुमा आज लाखौको संख्यामा श्रद्धालुहरुले दर्शन पुजन गरे। कोलकाताको कालीघाट, ओडिसाको पुरी जगनाथ मन्दिरहरुमा पनि युवा युवतीहरुको निकै भीड देखियो। यसरी नै सिलगढीको प्रणामी मन्दिर, इस्कोन मन्दिर, खाटु श्याम मन्दिर, दार्जीलिङको महाकाल मन्दिर, कालेबुङको मंगलधाम, खर्साङको गिद्दे पहाड, देवी मन्दिर मिरिकको देवीस्थान आदिमा पनि श्रद्धालुहरुको भीड देखियो। अहिले जेन जि ले नयाँ सालको शुरुवात मन्दिर दर्शनबाट गरिरहेका छन।

xxxxxxxxx

**नयां बर्ष दार्जीलिंग**

वर्षको अंतिम दिन अनि नयाँ बर्षको शुरुवातमा दार्जिलिंग पर्यटकहरुले भरिएको छ। मॉल रोडको चौरास्ता देखि ग्लेनरीज, टॉय ट्रेन स्टेशन देखि चिड़ियाघरसम्म हरेक स्थानमा पर्यटकहरुको भारी भीड़ देखियो। नयाँ बर्षको स्वागतमा पूरा दार्जिलिंग रोशनीले जगमगाएको छ ।

केहि दिन अघि पहाड़ अनि मैदानका वाहन चालकहरु बीच विवादका कारण दार्जिलिंगमा गाड़िहरुको आवाजाही प्रभावित भएको थियो। जस कारण नववर्षमा टाइगर हिल देख्न नपाउने चिंता पर्यटकहरु बीच बढेको थियो। यधपि, जीटीए अनि पुलिसको हस्तक्षेप पछि समस्या सुल्झिएको थियो, जसलए गर्दा  नववर्ष अघि नै दार्जिलिंगमा पर्यटकहरुको व्यापक  आगमन शुरू भयो।

दार्जिलिंग हिमालयन रेलवेका निदेशक ऋषभ चौधरीले टॉय ट्रेनको बुकिंग तीन जनवरीसम्म पूरा भएको छ। ठुलो संख्यामा नयाँ पर्यटक आइरहेको छ, तर टॉय ट्रेनको सवारी संभव नरहेको बताउनु भयो।

होटल व्यवसायी स्वपन विश्वासले पांच जनवरीसम्म सबै होटल भरिएको बताउनु भयो। हाल नयाँ पर्यटकहरुले होटल पाउन नसक्ने स्थिति रहेको उहाँले बताउनु भयो|

xxxxxxxxx

बन्दे भारत स्लिपर ट्रेन

देशको पहिलो बन्दे भारत स्लिपर ट्रेन गुवाहाटी र कलकत्ता बीच गुढ्ने भएको छ। यो घोषणा आज रेलमन्त्री अश्विनी बैष्णवले गर्नु भयो। यो ट्रेन यसै जनवरी महिनाको 15 देखि 20 तारीख बीच शुरु हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले यसलाई हरियो झण्डा देखाउनु हुनेछ। धेरै समयदेखि बन्दे भारत स्लिपर एसी ट्रेनहरुको देशले प्रतिक्षा गरिरहेको थियो, जो अब साकर हुने भएको छ। बन्दे भारत स्लिपर ट्रेनहरु केवल सानो दुरी अर्थात आठ देखि दश घण्टाको दुरी बीच मात्रै चलीरहेको थियो। रेलमन्त्री अश्विनी बैष्णवले यो बन्दे भारत स्लिपर ए सी मो ट्रायल पुरा भइसकेको पनि बताउनु भयो। उहाँले यो बन्दे भारत ए सी स्लिपर ट्रेन सोल्ह्र कोचको हुने भन्दै यसको गति स्टेसनहरुबारे जानकारी दिनु भयो।

BYTE

यात्रीहरुको सुविधाको यसमा बिशेष ध्यान राखिएको छ। ट्रेनमा आधुनिक र एडभान्स सुविधाहरु उपलब्ध छन। यस ट्रेनको किरायाको जानकारी पनि रेलमन्त्रीले दिनुभयो। यसको 3 rd ए सी को किराया दुइ हजार तीन सय रुपियाँ, 2 nd ए सी को किराया तीन हजार रुपियाँ अनि फस्ट ए सी को किराया तीन हजार छ सय रुपियाँ रहने छ। यस ट्रेनमा थर्ड ए सी मा 611, सेकेन्ड ए सी मा 188, अनि फस्ट ए सी मा 24 बर्थ रहने छ। र कुल 823 यात्रीहरुले यात्रा गर्न सक्नेछन् र यसको गति 180 कि. मी. प्रति घण्टा रहने

xxxxxxxxxxx

तृणमूल कांग्रेसको स्थापना दिवस

नयाँ बर्षको पहिलो दिन अनि तृणमूल कांग्रेसको स्थापना दिवसको अवसरमा पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले पार्टी कार्यकर्ताहरुलाई लोकतांत्रिक अधिकारको रक्षाका लागि बलियो गरी उभिने आह्वान गर्नुभयो। उहाँले भन्नुभयो आउने समयमा पनि यो संघर्ष पूर्ण प्रतिबद्धताको साथ जारी रहनेछ।

मुख्यमंत्रीले आज जारी गर्नुभएको सोशल मीडिया संदेशमा केंद्रको सत्ता अनि उनीहरुको नीतिहरुमाथि निशाना साध्नु भयो। उहाँको संदेशमा प्रयोग भएको भाषाले स्पष्ट गरेको छ, कि उहाँले लोकतांत्रिक मूल्य माथि भइरहेको कथित हमला बिरुद्ध आवाज उठाइ रहनु भएको छ।
ममता बनर्जीले भन्नुभयो एक जनवरी 1998 मा तृणमूल कांग्रेसको स्थापना मां, माटी अनि मानुषको सेवाको संकल्पको साथ भएको थियो। उहाँले पार्टीले राज्यमा पहिलेको सरकार बिरुद्ध गरेको लगातार आंदोलनको स्मरण गराउनु भयो|

उहाँले आफ्नो संदेशमा भन्नुभयो, यस ऐतिहासिक यात्राको मूल सिद्धांत मातृभूमिको सम्मान, बंगालको विकास अनि जन साधारणको लोकतांत्रिक अधिकारको रक्षा हो। आज पनि पार्टीका हरेक कार्यकर्ता अनि समर्थक यसै लक्ष्यका लागि अडिग रहेको मुख्यमन्त्रीले बताउनु भयो। मुख्यमंत्रीले कार्यकर्ताहरुको त्याग अनि संघर्षलाई नमन गर्नुभयो।

मुख्यमंत्रीले भन्नुभयो 2011 देखि जनताले उहाँलाई राज्यको सेवाको मौका दिएको छ|

आफ्नो संदेशको अंतमा ममता बनर्जीले भन्नुभयो, जनताको माया, आशीर्वाद अनि समर्थन नै पार्टीको तागत हो।

xxxxxxxxxxx

रोहिणी मार्ग सुचारु

पैह्रोले वाधित रोहिणी रोड आज देखि सुचारु भएको छ। चार अनि पाँच अक्टोबरमा गएको भिषण पैह्रोका कारण उक्त सडक मार्ग क्षतिग्रस्त भएको थियो। जसको मर्मत कार्य समापन भएपछि उक्त मार्गमा सवारी साधनको आवतजावत सुचारु भएको छ। यस अघि एक प्रेस बिज्ञप्ति जारी गर्दै गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले

पहाड, तराई अनि डुवर्सका सबैलाई नयाँ वर्षको शुभकामना सहित नयाँ वर्ष देखि रोहिणीको बाटो पनि खोलिने घोषणा गर्नु भएको थियो। सडक खोलिए पनि लाइनिङ र अन्य मरम्मत कार्य जारी रहने थाहा लागेको छ।

xxxxxxxxxxxx

सेकेन्ड अल इन्डिया पुलिस ह्यान्डबल क्लस्टर

भारतीय पुलिस सेवा, सशस्त्र सीमा बलका महानिदेशक श्री संजय सिंघलले 19 जनवरी 2026 देखि 23 जनवरी 2026 सम्म आयोजना हुने सेकेन्ड अल इन्डिया पुलिस ह्यान्डबल क्लस्टरको उद्घाटनको प्रतीक स्वरूप मस्कट 'तेजो' को विधिवत् अनावरण गर्नुभयो। यस अवसरमा सीमान्त सिलगढीका महानिरीक्षक श्री वन्दन सक्सेना, साथै भर्चुअल रूपमा सामेल भएका सबै वरिष्ठ

अधिकारीहरू, विभिन्न मिडिया संस्थाका प्रतिनिधिहरू र सीमा सुरक्षा बलका कर्मचारीहरू उपस्थित थिए। कार्यक्रमको सञ्चालन उप कमान्डेन्ट श्री रवि भूषणले गर्नुभएको थियो। उल्लेखनीय छ यस वर्ष उक्त प्रतिष्ठित प्रतियोगिता सशस्त्र सीमा बलद्वारा आयोजना गरिँदैछ। यस प्रतियोगितामा देशभरका 30 पुलिस संगठन एवं केन्द्रीय सशस्त्र पुलिस बलका कुल 81 टोलीले भाग लिइरहेका छन्, जसको विवरण यस प्रकार छ:

बास्केटबल (पुरुष): 28 टीम

ह्यान्डबल (पुरुष): 28 टीम

बास्केटबल (महिला): 11 टीम

ह्यान्डबल (महिला): 14 टीम

कार्यक्रमको क्रममा, सीमान्त सिलगढीका महानिरीक्षकले प्रमुख अतिथि श्री संजय सिंघल, आईपीएस, महानिर्देशक, सशस्त्र सीमा बललाई स्मृति चिन्ह प्रदान गरेर सम्मान गर्नुभयो र अन्त्यमा, प्रमुख अतिथिले दोस्रो अल इन्डिया पुलिस ह्यान्डबल क्लस्टर 2026 को लागि शुभकामना व्यक्त गर्नुभयो।

xxxxxxxxxxxxx

फर्जी सेना पक्राउ

सेनाको वर्दी लगाएर माटीगाड़ा शॉपिंग मॉलमा घूमिरहेका युवकलाई सुकना स्थित त्रिशक्ति कोरको आर्मी इंटेलिजेंस टीम अनि माटीगाड़ा थाना पुलिसका संयुक्त अभियानमा पक्राउ गरेको छ । पक्राउ पर्ने युवक मूल रूपले दार्जिलिंगको निवासी रहेको जानकारी प्राप्त भएको छ।
वर्तमानमा उनी माटीगाड़ा थाना अंतर्गत शिव मंदिर क्षेत्रमा बस्दै आएका थिए। हिजो राती आरोपितलाई माटीगाड़ा शॉपिंग मॉलबाट पक्राउ गरिएको हो । आर्मी इंटेलिजेंस अनुसार, प्राथमिक जांचको क्रममा आरोपितले केवल सेनाको वर्दी मात्रै होइन तर फर्जी पहिचान पत्र पनि बनाएको खुलासा भएको छ ।

आरोपितको मोबाइल फोनमा धेरै संदिग्ध नंबर पाइएको छ जसमा दुइवटा नंबर पाकिस्तानको बताइएको छ । सेनाको खुफिया एजेंसी अनि पुलिसले यी नम्बरहरुको गंभीरताले जांच गरिरहेको छ।

xxxxxxxxxxxx

पश्चिम बंगाल एस आइ आर

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत दाबी अनि आपत्तिहरुको सुनवाई अवधि 2010 पछि राज्य सरकार द्वारा जारी ओबीसी प्रमाणपत्रहरुलाई पहिचानको सहायक दस्तावेजको रूपमा स्वीकार गरिने छैन। भारत निर्वाचन आयोगले यस संबंधमा स्थिति स्पष्ट गरेको छ। यो स्पष्टीकरण त्यस आदेश पछि आएको हो जसमा 24 दिसंबरको दिन कलकत्ता उच्च न्यायालयको एकल पीठले निर्वाचन आयोगसित यो बताउनको निम्ति भनेको थियो कि के ओबीसी प्रमाणपत्रहरुलाई विशेष गहन पुनरीक्षणको प्रक्रियामा मान्य दस्तावेज मान्न सकिन्छ । आयोगले स्पस्ट गरेको छ कुनै पनि स्थितिमा 2010 पछि जारी

प्रमाणपत्रहरुको उपयोग पहिचानको सम्बन्धमा गर्न सकिन्दैन।

xxxxxxxxxxxx

सिलगढी सद्भावना दिवस

मानव सेवा उत्थान समितिद्वारा सिलगढीमा आयोजित सद्भावना सम्मेलनको दोस्रो दिन सतपाल महाराजको साथ सिक्किमका मुख्यमन्त्री प्रेमसिहं तामाङ गोले ले मंच साझा गरे। यस अवसरमा राष्ट्रिय स्वंयसेवक संघका पुर्व सर कार्यवाहक तथा वर्तमान केन्द्रीय कार्यकारिणी सदस्य भैयाजी जोशी, उत्तर बंगाल प्रान्त प्रचारक श्यामाचरण, दार्जीलिङका बिधायक निरज जिम्बा उपस्थित थिए। दार्जीलिङ पहाड, तराई, डुवर्स लगायत सिक्किमबाट हजारौको संख्यामा मानिसहरुले यस सम्मेलनमा भाग लिइरहेका छन। यस सम्मेलनको उद्देश्य मानिसहरुमा एकता र समाजिक सद्भावना जगाउनु रहेको छ। जाती, भाषा, प्रान्त, ठुलो सानो विभेदहरुलाई समाप्त गरी सबैमा एकता भाइचारा, प्रेम, परस्पर सम्मान र सद्भावना भारतीय संस्कृतिको मुल हो भनी आर एस एस का अखिल भारतीय बरिस्ठ प्रचारक भैयाजी जोशीले भन्नु भएको छ। आज नै सम्मेलनको समापन भएको छ।

xxxxxxxxxxx

डा पारसमणि प्रधानको **128** औं जन्म जयन्ती

गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा खरसाङमा डा पारसमणि प्रधानको 128 औं जन्म जयन्ती पालन गरिएको छ। खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा रहेको डा पारसमणि प्रधानको सालिगमा श्रध्दाञ्जली अर्पण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता पुस्तकालयको उपाध्यक्ष कृष्ण पाण्डेले गरेका थिए। कार्यक्रममा अतिथिहरुका बाहुलीबाट डा पारसमणि प्रधानको सालिगमा धुप दीप प्रज्ज्वलन र पुष्पार्पण गरी श्रध्दाञ्जली अर्पण गरिएको छ। मूल सचिव विनोद रसाइलीले सञ्चालन गरेको कार्यक्रममा समाजसेवी एंव पूर्व सभापति तिलक शर्मा, साहित्य अकादमी नेपाली भाषा परामर्श समितिकी सदस्या आशा मुखिया लामा, पूर्व सचिव एलडी मोक्तान आदिले डा पारसमणि प्रधानको जीवनी र योगदान विषयमा प्रकाश पारेका थिए।

xxxxxxxxxxxxxx

केंद्र **-** श्रम संहिता

केंद्र सरकारले चार नयाँ श्रम संहिताका लागि मसौदा नियमहरुलाई अधिसूचित गरेको छ। यी श्रम संहिताहरु हुन् - मजदूरी संहिता 2019, औद्योगिक संबंध संहिता 2020, सामाजिक सुरक्षा संहिता 2020 अनि व्यावसायिक सुरक्षा, स्वास्थ्य अनि कार्य परिस्थिति संहिता 2020 । यी संहिताहरुमा गिग वर्कर सहित अन्य श्रमिक, मजदूरी, रोजगारका प्रकार, ग्रेच्युटी, बोनस अनि सामाजिक सुरक्षालाई परिभाषित गरिएको छ।

श्रम मंत्रालयले देशमा दशकौ देखि चलिरहेको श्रम कानूनहरुलाई सरल अनि सुव्यवस्थित गर्नका लागि पछिलो वर्ष 21 नवंबरको दिन यी चार नयाँ श्रम संहिताहरुको कार्यान्वयनको घोषणा गरेको थियो। मंत्रालय अनुसार, नयाँ श्रम संहिता देशको कार्यबलका लागि सठिक मजदूरी, सुरक्षा, सामाजिक सुरक्षा अनि कल्याण सुनिश्चित गर्नेछ।

xxxxxxxxxxxxx

नंदिनी चक्रवर्ती

पश्चिम बंगालको मुख्य सचिवको पदमा राज्यको ममता ब्यानर्जी सरकारले, नंदिनी चक्रवर्तीलाई नियुक्त गरेको छ यसरी नन्दिनी चक्रवर्ती राज्य की पहिलो महिला मुख्य सचिव बनेकी छन। यसै वर्षको शुरुमा हुन गइरहेको राज्य विधान सभा चुनाव अधि मुख्यमंत्री ममता व्यानजीले प्रशासनीक अधिकारीहरुमा फेरबदल गर्नु भएको छ। निवर्तमान मुख्य सचिव आइ ए एस मनोज पंत छ महिनाको सेवा बिस्तार पछि हिजो हिजो अवकाश प्राप्त गर्नु भयो। यसै गरी राज्य गृह सचिवको पदमा जगदीश प्रसाद मीणालाई नियुक्त गरिएको छ।

xxxxxxxxxx